जैमिनी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कुश्मीसेरा, बाग्लुङ।

गण्डकी प्रदेश, नेपाल

फोन नं. ०६८-४२११००, ४२११०१
इमेल:jaiminimun@gmail.com
वेभसाइट:jaiminimun.gov.np


# सुचना !!! सुचना !!! सुचना !!!

## दुध संकलन केन्द्र व्यवस्थापन कार्यक्रम संचालनका लागि प्रस्ताव पेश सम्बन्धी सुचना।

**(प्रथम पटक प्रकाशित मिति २०७९/०९/१३)**

जैमिनी नगरपालिका पशु सेवा शाखा द्वारा आ.व. २०७९/०८० को नगरविकाश योजना तर्फ बार्षिक स्वीकृत कार्यक्रम अनुसार **दुध संकलन केन्द्र व्यवस्थापन कार्यक्रम** "कृषि तथा पशु सेवा कार्यक्रम संचालन कार्यविधि, २०७९" अनुसार संचालन गर्नका लागि मिति २०७९/०९/१३ देखि २०७९/०९/२७ गते सम्म इच्छुक कृषक/कृषक समुह/व्यवसायिक फर्म/समिति/कृषक सहकारी संस्थाको तर्फबाट दरखास्त आह्वानका लागि यो सुचना प्रकाशित गरिएको छ। यो सुचना प्रथम पटक प्रकाशन भएको मितिले तपशिलका कागजात सहित बढिमा १५ दिन भित्र तोकिएको ढाँचा अनुसारको आवेदन प्रस्ताव सम्वन्धित वडा कार्यालय तथा पशु शाखा कार्यालयमा रितपुर्वक पेश गर्नुहुन अनुरोध छ।

तपशिल

| **क स** | **कार्यक्रम विवरण** | **विनियोजित बजेट रु.** | **मापदण्ड** | **अनुदान प्रतिशत** | **कैफियत** |
|---|---|---|---|---|---|
| १. | दुध संकलन केन्द्र व्यवस्थापन कार्यक्रम | ५,००,००० ।- | १) कम्तीमा दैनिक २०० लि. दुध निर्यात गर्न सक्ने वा अन्य सहकारीको समेत दुध संकलन गरि चिस्यान केन्द्रको रुपमा स्थापना गरेको हुनुपर्ने।<br>२) आवश्यकता हेरी जेनेरेटर, चिलिङ भ्याट, डि फ्रिज,लगायत अन्य दुधको गुणस्तर मापनका सामाग्रीहरु खरिद गर्न सकिने छ। | अधिकतम ५० प्रतिशत सम्म | |

**आवश्यक कागजातहरु**

१. अनुसूची २ बमोजिमको आवेदन फारम।
२. अनुसूची ३ बमोजिमको प्रस्ताव फारम।
३. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी।
४. स्थानिय तह वा सम्बन्धित निकायमा दर्ता भएको दर्ता प्रमाणपत्रको प्रतिलिपी (नविकरण सहित)
५. भ्याट/प्यान दर्ता प्रमाण पत्रको प्रतिलिपी र कर चुक्ता प्रमणपत्र।
६. सम्बन्धित वडाको सिफारिस।
७. जग्गा भाडामा भए जग्गा भाडाको सम्झौता पत्र
८. अनुसूची ८ बमोजिमको प्रतिबद्वता पत्र।

नोट : कृषि तथा पशु सेवा कार्यक्रम संचालन कार्यविधि २०७९ जैमिनी नगरपालिकाको वेवसाइटमा हेर्न सकिनेछ। थप जानकारीको लागि सम्बन्धित वडा कार्यालय तथा कृषि तथा पशु शाखा कार्यालयमा सम्पर्क गर्न अनुरोध गरिन्छ।